Nepal Red Cross Society
National Headquarters

Red Cross Marg, Kalimati, Kathmandu
Post Box NO: 217
Phone: +977-1-4270650, 4272761
Fax: +977-1-4271915
E-mail: nrcs@nrcs.org
Website: www.nrcs.org
Free Hotline Service Number : 1130

Ref No.

मिति: २०७८/०२/१४

# प्रेस विज्ञप्ति

नेपाल रेडक्रस सोसाइटी (नेरेसो) वि.सं. २०२० साल भदौ १९ गते स्थापित नेपालको सवैभन्दा ठूलो मानव सञ्जाल भएको मानवीय सेवाको क्षेत्रमा सरकारको सहयोगी संस्थाको रुपमा काम गर्ने मानवीय संस्था हो। वि.सं. २०२० साल माघ २४ गते नेपाल सरकारद्वारा जेनेभा महासन्धिहरूमा सम्मिलित भएपछि प्रचलित कानुनअनुसार देशैभर कार्य गर्ने गरी नेरेसोलाई नेपाल सरकारबाट मान्यता प्राप्त भएको छ। कुनै पनि धर्म, वर्ण, लिङ्ग, वर्ग, जात, जातीयता, राष्ट्रियता वा राजनीतिक विचारधाराको आधारमा भेदभाव नगरी मानवीय विपत्तिलाई रोक्न वा कम गर्न प्रयास गर्नु नेपाल रेडक्रसको उद्देश्य रहेको छ।

रेडक्रस चिह्न तटस्थ चिह्न हो। यसको प्रयोग रेडक्रस तथा रेडक्रिसेण्ट अभियानमा संलग्न प्रत्येक देशका राष्ट्रिय सोसाइटीहरूले आफ्नो पहिचानका लागि र मानवीय सेवाको संरक्षणका लागि प्रयोग गर्ने गर्दछन्। विशेषतः यस चिन्हको प्रयोग रक्षात्मक र संकेतात्मक गरी दुई तरिकाले गरिन्छ। साथै यस चिन्हको प्रयोग गर्ने अनुमती सैन्य-चिकित्सा सेवालाई पनि दिईएको छ। अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको सदस्यका नाताले रेडक्रस चिन्हको सम्मान तथा प्रवर्द्धन गर्नु नेपाल रेडक्रस सोसाइटीको दायित्व हुन आउँछ।

यसै सन्दर्भमा हाल केही सञ्चार माध्यमहरुमा तथा सामाजिक सञ्जालमा रेडक्रसको चिन्ह अंकित अनधिकृत सामग्रीहरु उत्पादन भएका समाचार प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ। यस्ता उत्पादनसँग नेपाल रेडक्रस सोसाइटीको कुनै सम्वन्ध नरहेको र यसले आम जनमानसमा भ्रम पैदा गरेकोले नेपाल सरकारका सम्वद्ध निकायहरुलाई वास्तविकताको सत्यतथ्य छानविन गरी आइन्दा रेडक्रसको चिन्ह अंकित वा चिन्हसँग मिल्दोजुल्लो आकृतीमा कुनै पनि उत्पादन नगराउने पैरवीका लागि अनुरोध गर्दछौं।

रेडक्रस चिन्हको उपयोग र दुरूपयोगका सम्बन्धमा जेनेभा महासन्धिहरुमा स्पष्ट उल्लेख गरिएको छ। जेनेभा महासन्धिहरू र यसका अतिरिक्त सन्धिपत्रमा चिन्हका विषयमा विभिन्न धारा उपधाराहरूको व्यवस्था छ। कानुनहरूले रेडक्रस चिन्हको प्रयोग, आकार, उद्देश्य, राखिने स्थान, चिन्हले सुरक्षा गर्ने व्यक्ति र सम्पत्ति, प्रयोगकर्ता, चिन्हको आधार र आदरको महत्व तथा दुरूपयोग भएको खण्डमा सजायको समेत व्यवस्था गरेको छ। यसका साथै जेनेभा महासन्धीहरू र यसका अतिरिक्त सन्धिपत्रहरूका पक्षधर राष्ट्रहरूले चिन्हको दुरूपयोग रोकथाम र उचित प्रयोग सम्बन्धमा राष्ट्रियस्तरमा कानुन निर्माण र कार्यान्वयन गर्नुपर्ने जिम्मेवारी पनि दिएको छ।

यसकारण रेडक्रस चिन्ह तथा यससँग मिल्दाजुल्दा चिन्हको प्रयोग गरी कुनै पनि सामग्री उत्पादन गर्दा जेनेभा महासन्धिको उलंधन हुने भएकाले रेडक्रस चिन्हको सदुपयोगमा सबै सरोकारवालाको सहयोग र सहभागिताका लागि हार्दिक अनुरोध गर्दछौं।

NEPAL RED CROSS SOCIETY
Central Office, Kathmandu

(पिताम्बर अर्याल)
महामन्त्री



Scanned with CamScanner